# नेपालगञ्ज राजपत्र

नेपालगञ्ज उप--महानगरपालिकाद्धारा प्रकाशित

खण्ड (५) संख्या ४८, नेपालगञ्ज, २०७८, असोज ११ गते

## भाग १

## नेपालगञ्ज उप–महानगरपालिकाको
## विपद् राहत वितरण सम्बन्धि मापदण्ड २०७८

# नेपालगंज उप-महानगरपालिका
# विपद् राहत वितरण सम्बन्धि मापदण्ड २०७८

**प्रस्तावना :-**

यस नेपालगंज उप-महानगरपालिकाको क्षेत्र भित्र विभिन्न समयमा विभिन्न प्रकारका विपद् सम्वन्धी घटनाहरु घटने भएकोले सो घटनाबाट प्रभावित भई राहतको लागि यस कार्यालयमा निवेदन पेश गर्ने परिवारलाई राहत वितरण गर्दा एवं सहयोग उपलब्ध गराउँदा एकरुपता कायम गर्न तथा सो कार्यलाई छिटो छरितो र पारदर्शी बनाउने उद्देश्यले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(१) तथा नेपालगंज उप-महानगरपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा १८ (२) ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड तयार गरी लागू गरिएको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भ :-**

(१) यस मापदण्डको नाम "विपद् राहत वितरण सम्वन्धी मापदण्ड, २०७८" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

**२) परिभाषा :-** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "विपद्" भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ ।

(ख) "प्राकृतिक विपद" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिवृष्टि,अनावृष्टि, बाढि, पहिरो तथा भू-स्खलन, डुवान, खडेरी, आँधि, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी विष्फोटन वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ ।

(ग) "गैरप्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सुक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डमिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन,वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति

तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक कारणले उत्पन्न विपद् सम्भनु पर्छ ।

(घ) "विपद् व्यवस्थापन समिति" भन्नाले नेपालगंज उप महानगरपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा ३ बमोजिम गठित विपद् व्यवस्थापन समिति सम्भनु पर्छ ।

(ङ) "नगर कार्यपालिका" भन्नाले नेपालगंज उप-महानगरपालिकाको नगर कार्यपालिकालाई सम्भनु पर्छ ।

३) **आवश्यक कागजात :-** कुनै पनि प्रकारको विपद्मा परी राहतका लागि निवेदन पेश गर्दा देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

- घटनाको बिस्तृत विवरण खुलाई सम्वन्धित व्यक्ति/परिवारको सदस्यले निवेदन,
- निवेदकको नागरिकताको प्रतिलिपी,
- नजिकैको सुरक्षा निकायद्धारा गरिएको मुचुल्का।यदि सुरक्षा निकायबाट मुचुल्का गर्न सम्भव नभए सम्वन्धित वडा कार्यालयबाट गरिएको मुचुल्का । मुचुल्कामा अनिवार्य रुपमा अनुमानित क्षति रकम उल्लेख गरेको हुनु पर्ने,
- सम्वन्धित वडा कार्यालयको सिफारिस,
- घटनासंग सम्वन्धित फोटो,
- नेपालगंज उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयले आवश्यक ठानी माथि उल्लेखित बाहेक अन्य कागजात मागेको खण्डमा सो कागजातहरु समेत पेश गर्नु पर्नेछ,
- कृषि बाली नष्ट तथा पशुचौपायहरुको नगरपालिकाको पशु तथा कृषि शाखाको सिफारिस अनिवार्य पेश गर्नु पर्नेछ ।

४) **तत्कालिन राहत वितरण :-**

यस नेपालगंज उप-महानगरपालिको क्षेत्र भित्र बसोबास गर्ने परिवार तथानेपालगंज उप-महानगरपालिकाको कार्यालयमा व्यवसाय दर्ता भई नविकरण समेत भएका बिभिन्न प्रकारका व्यवसायिक फर्महरु विपद् बाट प्रभावित भई राहतका लागि आवश्यक कागजात सहित निवेदन पेश गरेमा देहाय बमोजिम राहत उपलब्ध गराउने ।

- विपद्को घटनामा परी कुनै व्यक्तिको मृत्यु भएमा राहत स्वरुप प्रति मृतक रु. ३०,०००(तिस हजार) का दरले मृतकको परिवारलाई सहयोग उपलब्ध गराउने,
- विपद्बाट वहालको आवास पूर्ण रुपमा नष्ट भएमा वा खाद्यान्न पूर्ण रुपमा नष्ट भई तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएको वा दुवै अवस्थामा पिडित परिवारलाई तत्काल आवश्यक व्यवस्थापनका लागि नगद वा जिन्सी वा दुवै गरी रु. १५,०००(पन्ध हजार)सम्म राहत सहयोग उपलब्ध गराउने,
- विपद्बाट वहालको आवास आंशिक रुपमा नष्ट भएमा वा खाद्यान्न आंशिक रुपमा नष्ट भएमा वा दुवै अवस्थामा पिडित परिवारलाई नगद वा जिन्सी वा दुवै गरी रु. १०,०००(दश हजार)सम्म राहत सहयोग उपलब्ध गराउने,
- घर बहाल कर नतिरेको पाईएमा घरको क्षेति वापत कुनै राहत उपलब्ध गराईने छैन,
- विपद्को घटनामा परी खाद्यन्न, लत्ताकपडा लगायत घर पूर्ण रुपमा नष्ठ भई वा पूर्ण रुपमा नष्ठ नभएता पनि सम्भावित जोखिमबाट सुरक्षित र हन अन्यन्त्र सर्नु पर्ने वा विस्थापित भई सुरक्षित स्थानमा आस्रयस्थल निर्माण गरी व्यवस्था गर्नु पर्ने अवस्थाका परिवारलाई प्रति परिवारं नगद वा जिन्सी वा दुवै गरी रु.२०,००० (बिस हजार) सम्म सहयोग उपलब्ध गराउने,
- विपद्को घटनामा परी घाइते भई अस्पतालमा लगि उपचार गराएको र उपचार गराउँदा रू.२०,०००(बिस हजार) भन्दा बढी खर्च भएको भएमा खर्च प्रमाणित हुने कागजात समेत पेश गरेमा रु.५,००० (पाँच हजार) सम्म रकम राहत स्वरुप उपलब्ध गराउने ।
- नेपालगंज उप-महानगरपालिकाको कार्यालयमा व्यवसाय दर्ता भई नविकरण समेत भएका बिभिन्न प्रकारका व्यवसायिक फर्महरु विपदमा परी व्यापारिक बस्तु तथा सेवाहरु पूर्ण रुपमा नष्ट भएको भएमा यस कार्यालमा व्यवसायदर्ता गराउँदा लाग्ने रकमको २ (दुई) गुणा वा पचास हजार मध्ये जुन कम हुन्छ सो बराबरको रकम उपलब्ध गराउने ।

- नेपालगंज उप-महानगरपालिकाको कार्यालयमा व्यवसाय दर्ता भई नविकरण समेत भएका बिभिन्न प्रकारका व्यवसायिक फर्महरु विपदमा परी व्यापारिक वस्तु तथा सेवाहरु आंशिक रुपमा नष्ट भएको भएमा यस कार्यालमा व्यवसाय दर्ता गराउँदा लाग्ने रकम वा बीस हजार मध्ये जुन घटी हुन्छ, सोही रकम बरावर राहत स्वरुप उपलब्ध गराउने ।
- माथि उल्लेख भए भन्दा थप सहायत उपलब्ध गराउनु पर्ने भएमा नगर विपद् व्यवस्थापन समितिको सिफारिसमा नगर कार्यपालिकाको बैठकवाट निर्णय भए बमोजिम हुनेछ ।
- कुनै परिवार वा व्यक्ति वा व्यवसायिक फर्मले यस मापदण्डमा एक भन्दा वढी वुदा अनुसार राहत प्राप्त गर्ने गरी विपद् मा परी सोही अनुरुप निवेदन पेश गरेको भएमा कुनै एकमा जसवाट वढी राहत प्राप्त हुन्छ सोही वुदामा राहत उपलव्ध गरिनेछ ।
- यस मापदण्डले समेट्न नसकेको बिषय बस्तु वा यस मापदण्को कार्यान्वयमा कुनै दुविधा वा विवाद भएमा नगर विपद् व्यवस्थापन समितिले निर्णय गरे वमोजिम हुनेछ ।
- यस मापदण्डमा केही कुरा थप गर्नु परेमा वा केहिकुरा भिक्न परेमा नगर कार्यपालिकाको वैठकको निर्णय वमोजिम थप घट गर्न सकिनेछ ।
- यो मापदण्ड नेपालगंज उप-महानगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको हकमा समेत लागू हुनेछ ।

५) **बाधा अड्काउ फुकाउ :-** यस मापदण्डको कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अडकाउ हटाउन सक्नेछ।

६) **खारेजी र बचाऊ :-** राहत सहयोग सम्बन्धी यस अघि नगर विपद् व्यवस्थापन समितिले गरेका निर्णयहरु यसै मापदण्ड बमोजिम भएको मानिनेछ ।